नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाण्डौं।

(राहत, उद्धार तथा समन्वय शाखा)

प.सं. २०८२/२०८३

च.नं.

## सूचना

बैदेशिक रोजगारका लागि गन्तव्य मुलुकमा गई समस्यामा परेका नेपाली श्रमिकहरुको उद्धार गर्ने नाममा विभिन्न संघ-संस्थाहरूको कानुन बिपरितको गतिविधिप्रति यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७५ मा वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरू युद्ध, महामारी वा अन्य समस्यामा परी उद्धार गर्नुपर्ने अवस्था आएमा सोको पूर्ण जिम्मेवारी नेपाल सरकार र सम्बन्धित देशमा रहेको नेपाली कूटनीतिक नियोग (राजदूतावास) लाई हुने व्यवस्था हुँदा हुँदै केही गैरसरकारी संस्था वा व्यक्तिहरूले कानुनमा नभएको अधिकार प्रयोग गरी श्रमिक वा निजका परिवारलाई प्रभावमा पारी उद्धारको भ्रम फैलाउने गरेको सूचना प्राप्त भएको छ, जुन पूर्णरुपमा गैरकानूनी कार्य हो।

यस विभागबाट अनुमति प्राप्त नगरी वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि सेवा वा उद्धारको कार्य गर्नु बैदेशिक रोजगार सम्बन्धी कानूनको उल्लंघन हो। तसर्थ, समस्यामा परेका श्रमिकलाई उद्धार गर्नु पर्ने भएमा सोझै वैदेशिक रोजगार विभागको (email: rahat@feo.gov.np; What'sapp Number: ९७६५०१३७७४, ९७६९९९८४७४) वा सम्बन्धित देशको नेपाली राजदूतावासमा सम्पर्क गर्नु हुन अनुरोध छ।

आधिकारिक प्रक्रिया बाहिरबाट गरिने उद्धारका प्रयासहरूले श्रमिकलाई थप जोखिममा पार्ने र कानुनी जटिलता निम्त्याउन सक्ने हुनाले कानुन विपरित खडा भएका कुनै पनि संघ संस्था वा व्यक्तिबाट अब उप्रान्त यस प्रकारको कार्य भए गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराईन्छ।

२०८२।१२।१६